नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ६७ २०८० साल असोज १९ गते शुक्रबार (6 Oct. 2023 Friday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : द्वन्द्वपीडित भन्छन् : कहिलेसम्म... ३ पृष्ठमा : सामाजिक सद्भाव कायम राख्न ... ३ पृष्ठमा युक्रेनी रकेटले ओलेनिभ्का

# स्वास्थ्य शाखा संयोजक ठाकुरलाई लागु औषध मुद्दामा फसाउन खोजिएको नगरपालिकाको दाबी



**दैनिक समाचारदाता**
**राजविराज, १८ असोज ।**

सप्तरीको बोदेबरसाइन नगरपालिकाले पालिकाका स्वास्थ्य शाखा संयोजक राजनारायण ठाकुरलाई लागु औषध मुद्दामा फसाउन खोजेको दाबी गरेको छ ।

नगरपालिकाकी कार्यवाहक नगरप्रमुख रेणुकुमारी साहले बिहीबार एक प्रेस विज्ञप्ति मार्फत अनुसन्धाका सिलसिलामा प्रहरी हिरासतमा रहेका आफ्ना कर्मचारीको बचाउ गर्दै घटनाको सुक्ष्म अनुसन्धान हुनुपर्ने माग समेत गरेकी छिन् ।

प्रहरीले ठाकुरलाई सप्तरी जिल्ला अदालतबाट लागु औषध मुद्दामा पाँच दिनको म्याद थपि अनुसन्धान गरिरहेका बेला नगरपालिकाको यस्तो बिज्ञप्ति आएको हो ।

सो नगरपालिकाका स्वास्थ्य शाखाका संयोजक राजनारायण ठाकुर चढेको लु.५५प.५४३९ नम्बरको मोटरसाइकलबाट असोज १२ गते प्रतिबन्धित लागु औषध नाइट्राभेट ट्याब्लेट २७ वटा र स्पासमो ट्याब्लेट १५ वटा प्रहरीले बरामद गरेको थियो ।

स्वास्थ्य शाखाकै प्रमुख नै लागु औषधसहित पक्राउ परेपछि नगरपालिकाले आफ्नो स्तरबाट पनि छानबिन सुरु गरेको थियो । विज्ञप्तिमा स्वास्थ्य शाखा संयोजक ठाकुरको सवारीसाधनमा लागु औषध फेला परेको विषयलाई गम्भिरतापूर्वक छानबिन गर्दा उनको कुनै संलग्नता नरहेको निष्कर्षमा पुगेको उल्लेख छ ।

त्यस्तै निज ठाकुरलाई कसैले फसाउन खोज्ने उद्देश्यले त्यस्तो षडयन्त्र रचेको विज्ञप्तिमा उल्लेख गरिएको छ । स्वास्थ्य शाखा संयोजक ठाकुर कुशल ब्यवहार तथा असल बानी ब्यहोराका कर्मचारी रहेको उल्लेख गर्दै विज्ञप्तिमा उनलाई फसाउन कसैले नियतबस त्यस्तो काम गरेको दाबी समेत गरिएको छ ।

पुरानो रिसिबी तथा उनको चरित्र हत्या गर्ने मनसायले उनका विपक्षिको संलग्नतामा लागु औषध राखेर फसाइएको हो, विज्ञप्तिमा भनिएको छ- यसको सुरक्षा तथा अन्य सरोकारवाला निकायबाट सुक्ष्म अनुसन्धान गरि दोषिलाई कानुनी दायरामा ल्याउन जोडदार माग गर्दछौं ।

यसअघि बुधबार नेपाल स्वास्थ्यकर्मी युनियन, नेपाल स्वास्थ्यकर्मी संघ, राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ नेपाल, मधेशी स्वास्थ्यकर्मी फोरम, एकीकृत स्वास्थ्यकर्मी संगठन नेपाल र राष्ट्रिय प्रगतिशिल स्वास्थ्यकर्मी संगठन सप्तरीले संयुक्त विज्ञप्ति जारि गर्दै स्वाथ्य संयोजक ठाकुरको रिहाईको माग गरेका छन् ।

सुनियोजित ढंगबाट लागु पदार्थ ओसारपोसार अभियोगमा प्रहरीले स्वास्थ्यकर्मी ठाकुरलाई पक्राउ गरेको आरोप लगाउँदै विज्ञप्तिमा आफ्नो सेवामा समर्पित स्वास्थ्यकर्मीलाई पक्राउ गर्न निन्दनीय भएको ठहर गरिएको छ ।

विज्ञप्तिमा स्वास्थ्य अधिकृत ठाकुर विभिन्न रोगबाट ग्रसित रहेको भन्दै चिकित्सकको सल्लाहमा स्वास्थ्य परिक्षण तथा नियमित औषधी सेवन गर्नु परेको हुँदा उनलाई रिहा गर्न माग गर्दै रिहा नगरिए स्वास्थ्यकर्मीहरु संघर्षका लागि बाध्य हुने जनाइएको छ ।

# जितिया पर्व मनाइँदै



**दैनिक समाचारदाता**
**राजविराज, १८ असोज ।**

सन्तानको दीर्घ जीवन, पुत्र प्राप्ति तथा पारिवारिक सुख शान्तिका लागि मनाइने जितिया पर्व बिहीबारदेखि धार्मिक विधि पूर्वक सुरु भएको छ ।

नेपाल र भारतको सम्पूर्ण मिथिला क्षेत्रकै पवित्र 'जितिया पर्व' सप्तरीलगायत सम्पूर्ण क्षेत्रमा नहा खा (नुहाएर खानु) विधि गर्दै बिहीबारदेखि सुरु भएको हो ।

व्रत बस्नु अघि आजको दिन व्रती महिलाले नदी, तलाऊ वा पोखरीमा नुहाएर सोही ठाउँमा घिरौलाको पातमा भगवान् जितमाहन र दिवङ्गत पितृलाई चिउरा, दही, अमोट (आँपको रसबाट तयार हुने खाद्य पदार्थ) र पिना प्रसादको रुपमा चढाइ आफू

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

### जिल्लाको विकासमा सासंदहरुको भूमिका न्युन

सप्तरीका प्रतिनिधिसभा र प्रदेशसभा सदस्यहरुले निर्वाचित भएपछि आफैले गरेको प्रतिबद्धता ओझेलमा परेको छ । जिल्लाको समग्र विकासमा हातेमालो गर्ने प्रतिबद्धता अहिले ती सांसदहरुले बिर्सेका छन् । हाल जिल्लाबाट प्रदेश सरकारमा दुई जना मन्त्रि छन् । जहिले पनि सप्तरीबाट संघ र प्रदेश सरकारको मन्त्रिपरिषद्मा एक/दुई जनाले प्रतिनिधित्व गरेकै हुन्छन् । तर, पनि सप्तरीमा विकासले गति लिन सकेको छैन् । यसअघिको संघ सरकारमा सप्तरीबाट पनि मन्त्री हुँदा जिल्लाको केही विकास भयो । तर ती विकासको कार्य अहिले सुस्त देखिएको छ । ती कार्यलाई तदारुकताका साथ अगाडी बढाउन वर्तमान प्रतिनिधिसभा सदस्यहरुले पहल गरेको देखिन्न् ।

त्यस्तै मधेश प्रदेशसभामा विगतमा तीन जना मन्त्री भएका थिए । जसमध्ये दुई जनाको मन्त्रालय निकै शक्तिशाली भएपनि जिल्लाको विकासले गति लिन सकेन् । हाल पनि दुई जना मन्त्रि छन् । जिल्ला मन्त्रीहरुको क्षेत्रमा मात्र विकासमा फड्को मारेको देखियो । यसरी हेर्दा समग्र जिल्लाको विकासका लागि जोसुकै पनि मन्त्री बनेपनि आफ्नो नभएर सबै क्षेत्रको विकासका लागि ध्यान दिनुपर्ने हुन्छ । तर, त्यस अनुसार भइरहेको देखिदैन् । मधेश प्रदेश सरकारमा वर्तमान अवस्था बनेका मन्त्रिहरुले जिल्लाको समग्र विकासका लागि एउटा ठोस र दिर्घकालिन निकासका लागि पहल गर्नु पर्ने आवश्यकता देखिन्छ । जिल्लाको विकास तब हुन्छ जब हामी आफ्नो भन्दा सबैको गर्न सक्छौं ।

तसर्थ अहिले पनि जिल्लाको समग्र विकासका लागि सम्पूर्ण सांसदहरुले काँधमा काँध मिलाएर अगाडी बढ्नुका साथै विकासको दिर्घकालिन योजना बनाउनेतर्फ ध्यान पुऱ्याउनुपर्छ । यसका लागि जिल्लावासीले पनि उनीहरुलाई घचघचाउनु पर्ने आवश्यकता देखिन्छ ।

# द्वन्द्वपीडित भन्छन् : कहिलेसम्म पाइएला न्याय ?

**टीकाराम सुनार र सुदीप राउत/रासस**

जनकपुरधाम, १८ असोज ।

धनुषाको विदेह नगरपालिका-४ ढाडीकी शर्मिला खातुनलाई सशस्त्र द्वन्द्वको समय अर्थात् करिब १९ वर्षअघि रहरलाग्दो परिवार तहसनहस भएको घटना सम्झिन नपरे हुन्थ्यो जस्तो लाग्छ । तर झन्पछि झन् कष्टपूर्ण बन्दै गएको जीवन भोगाइले त्यो घटनालाई बिर्सिनै दिँदैन ।

तीन सन्तान, आफू र श्रीमान् । अभाव र कष्टका बीच पनि जसोतसो परिवार चलिरहेकै थियो । ठूला सपना थिएनन् । लालाबाल हुर्काउने र सुखले दुई छाकको गर्जो टार्नमै खुसी थियो खातुन परिवार । देशमा सशस्त्र द्वन्द्व चलिरहेको थियो तर सर्मिलाको परिवारलाई त्यसबारे बुझ्ने फुर्सद नै थिएन । त्यसैले त शर्मिलाले द्वन्द्वले आफ्नो परिवार तहसनहस होला भनेर कल्पना पनि गर्नुभएको थिएन । तर त्यही सशस्त्र द्वन्द्व खातुन परिवार तहसनहस हुने कारण बन्यो ।

"विसं २०६१ को समय थियो । एकदिन रातको ३/४ बजेको हुँदो हो । एकाएक घर थर्केको आवाज आयो । चिहाएर हेर्दा त तत्कालीन राज्य पक्षका सेनाहरुले घर घेरिरहेका थिए । एकछिनपछि श्रीमान्लाई पक्रेर लगे । कुटपिट गरे । त्यही दिन दिउँसो गोली हानेर मारे । त्यसपछिको अवस्था म सम्झिन पनि चाहँदिन", खातुनले भावविह्वल हुँदै भन्नुभयो ।

द्वन्द्वपीडित खातुनले श्रीमान् गुमाउनुभएपछि तीन सन्तानको पालनपोषणका लागि गरेको सङ्घर्ष त झन् कहालीलाग्दो छ । "पहिले त श्रीमान्ले परिवार चलाउँथे । मलाई त केही काम गर्न पनि आउँथेन । उहाँ (श्रीमान्) नरहेपछि कवाडी टिपें, माछा मारेर गुजारा गरें, नून तेल पनि मागेर खानुपर्ने दिन आयो । सबैका छोराछारी स्कूल जान्थे तर मैले छोराछोरीलाई पढाउन पनि सकिन", खातुनले गहभरि आँसुपार्दै पीडा सुनाउनुभयो, "सरकारले पटकपटक गरी सहिद परिवारले पाउने रु १० लाख नदिएको होइन तर त्यो पैसाले पाँच धुर जमिन किनेर ओतलाग्ने टहरो बनाएँ । हातमुख जोर्नका लागि सङ्घर्ष गर्नुपर्ने बाध्यताबाट कहिल्यै छुटकारा पाइएन । गरिखाने केही सीप सिकाइदिएको भए त यस्तो हुन्थेन होला ।"

त्यसैगरी जनकपुधाम उपमहानगरपालिका–१० देवीचोक निवासी विमला देवीलाई २०६० असोज २१ गतेको घटनाले बारम्बार झस्काइरहन्छ । गोदार घटनाको नामले परिचित त्यो घटनामा विमला देवीका २४ वर्षिय छोरा सञ्जिवसहित पाँच जना मारिएका थिए । त्यस्तै सिरहाको लहान–१ का नैनीलाल रामले पनि आफ्नी छोरी सरिताकुमारी रामको मृत्युको पीडा अहिले पनि बिर्सिनु भएको छैन । आठ कक्षा पढ्दै गरेकी छोरी सरिताले तत्कालीन विद्रोही पक्षले २०५९ मङ्सिर १८ गते लहानस्थित इलाका प्रहरी कार्यालय र बैंक कब्जा गर्ने क्रममा प्रहार गरेको बम बिस्फोटमा परी ज्यान गुमाउनु परेको थियो । अबोध नाबालिक छोरीले ज्यान गमाउनु परेको त्यो घटनाले अहिले पनि नैनीलाललाई चैनले बाँच्न दिएको छैन ।

द्वन्द्व पीडितको क्षेत्रमा कार्यरत संस्थाहरुका अनुसार सिरहामा त्यसरी द्वन्द्वबाट प्रभावितहरुको सङ्ख्या करिब तीन सय रहेको छ । समग्र जनउत्थान केन्द लहानले जिल्लाको लहान, धनगढीमाई र कर्जना नगरपालिकामा मात्रै एक सय ७७ परिवार द्वन्द्वपीडित रहेको जनाएको छ । ती अधिकांश पीडित परिवारमध्ये श्रम गरेर लालनपालनको जिम्मेवारी सम्हालिरहका घरमुली नै गुमाएकाहरुको अवस्था समयक्रममा सुधार हुनुको सट्टा दयनीय बन्दै गएको सो संस्थाका अध्यक्ष रामभरोसी महतोको भनाइ छ । "दिगो शान्ति र द्वन्द्व प्रभावितहरूको न्यायको सुनिश्चितता गर्न राज्यद्वारा गठन हुने सङ्क्रमणकालीन संयन्त्रहरूले प्रभावकारी भूमिका खेल्न नसक्दा द्वन्द्व प्रभावितहरुका सवाल ओझेलमा परेको छन्", महतो भन्नुहुन्छ, "द्वन्द्व पीडितको न्याय र राहतसँग जोडिएका विषयलाई तार्किक निष्कर्षमा पुऱ्याउन फेरि एकपटक वास्तविक पीडितहरुको तथ्याङ्क सङ्कलन र अवस्था विश्लेषणको काम गर्न अपरिहार्य छ । त्यसका लागि तीनै तहका सरकारहरु जिम्मेवार बन्नुपर्छ ।"

सिरहामा जस्तै धनुषामा १० वर्षे द्वन्द्वका क्रममा बेपत्ता र सहिद परिवार गरी एक सय ८५ द्वन्द्वपीडित परिवार रहेको द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जाल धनुषाको तथ्याङ्क छ । यसरी द्वन्द्व प्रभावित यहाँका सयौं परिवार द्वन्द्वको शान्तिपूर्ण रुपान्तरण भएको १७ वर्ष बितिसक्दा पनि उचित न्याय, परिपूरण र व्यवस्थापन नहुँदा थप निराश बनेको सो सञ्जालका कार्यक्रम संयोजक समिता तामाङको भनाइ छ ।

"द्वन्द्व सकिएको पनि १७ वर्ष भइसकेको छ । यसबीचमा केही परिवारले शोकलाई शक्तिमा बदल्ने प्रयास गर्नुभएको छ भने कतिपयले आम्दानी गर्ने मुख्य सदस्य नै गुमाएकाले जीविका चलाउन जोखिमपूर्ण काम गर्नु परेको छ । उहाँहरुको दयनीय अवस्थाले १७ वर्षअघिका ती घटनाहरुका घाउलाई थप चहऱ्याउने काम गरेको छ", तामाङले भन्नुभयो, "देशमा परिवर्तनका लागि भएको द्वन्द्वमा ज्यान गुमाएका ती परिवारलाई बिहान बेलुकाको छाक टार्नसमेत धौ धौ छ । राज्यले गम्भीरतापूर्वक लिनुपर्ने थियो तर लिएन । त्यसकारण द्वन्द्वको घाउ अहिले पनि निको हुन सकेको छैन ।"

नेपालको सशस्त्र द्वन्द्वलाई नजिकबाट बुझ्नुभएका लेखक तथा विश्लेषक राजेश विद्रोहीले विद्रोही पक्ष नै पटकपटक सत्तामा गए पनि दिगो जीविकोपार्जनका लागि काम गर्नुको सट्टा पीडितहरुको एकिन तथ्याङ्कसमेत राख्न नसकेकामा दुःख व्यक्त गर्नुभयो । "सयौं नागरिक घरवारविहीन, अङ्गभङ्ग र घाइते छन् । धेरैलाई गाँस, बाँस, कपास र न्यूनतम् स्वास्थोपचारका लागि पनि निकै सङ्घर्ष गर्नु परिरहेको छ", विद्रोही भन्नुहुन्छ,"तर राज्यले पीडितलाई न्याय दिनुको सट्टा वास्तविक तथ्याङ्कसमेत सङ्कलन गर्न सकेको छैन । त्यसैले द्वन्द्व प्रभावितको नाममा फर्जी कागजात मिलाउन सक्ने टाँठाबाँठाले सेवा सुविधा उपभोग र अवसरको दुरुपयोग गरिरहेका छन् ।" उहाँ द्वन्द्वको घाउ मेट्नका लागि सरकारले ठोस प्याकेजसहितको कार्यक्रम लागू गर्न धेरै ढिला भइसकेको भन्दै सङ्क्रमणकालीन न्यायसँग जोडिएका विषयलाई थप गिजोल्न नहुने बताउनुहुन्छ ।

त्यसैगरी जिल्ला समन्वय समिति धनुषाका संयोजक राजनन्दन मण्डलले सशस्त्र द्वन्द्वले सबैभन्दा बढी असर महिला र बालबालिकाले भोग्नुपरेको भन्दै द्वन्द्व प्रभावित महिलाका प्राथमिकता र आवश्यकतालाई परिपूरणको माध्यमबाट पूरा गर्नुपर्ने बताउनुभयो । सरकारले द्वन्द्व प्रभावित परिवारलाई पटकपटक राहत दिए पनि जीवन निर्वाहका लागि आवश्यक सीप र स्थायी सामाधानको उपाय नखोज्दा पीडित महिलाहरुको अवस्था कारुणिक रहेको मण्डलको धारणा छ ।

अधिकारकर्मी समिता तामाङले द्वन्द्वबाट पीडित तथा प्रभावित महिला र बालिकाको समष्टिगत आवश्यकतालाई सम्बोधन गर्दै आत्मसम्मानपूर्वक जीवनयापन गर्नसक्ने वातावरण सुनिश्चितत गर्ने उद्देश्यले सुरु भएको महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घ, सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयनसम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजनाको मर्मअनुसार काम गरेमा धेरै समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो । "पहिलो चरणको कार्ययोजनाले द्वन्द्व पीडित महिलाका महत्वपूर्ण सवालहरुलाई सम्बोधन गर्न बाँकी रहेकाले दोस्रो कार्ययोजना लागू भएको छ तर एक वर्ष बितिसक्दा पनि स्थानीय तहले गम्भीरतापूर्वक त्यसको कार्यान्वयनमा ध्यान दिएको देखिदैन । त्यसैले अन्तिम अवसरका रुपमा रहेको यस कार्यक्रमबाट अधिकतम् लाभ लिने गरी सम्पूर्ण सरोकारवालाले आफ्नो भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता छ", तामाङले ध्यानाकर्षण गराउनुभयो ।

नेपालमा उल्लेखित विषयसँग सम्बन्धित पहिलो चरणको कार्ययोजना २०६७/६८ देखि २०७१/७२ सम्म कार्यान्वयन गरिएको थियो तर कार्ययोजनाले प्रस्ताव नं. १३२५ का केही र १८२० को अधिकांश मुद्दाहरु विषेशगरी द्वन्द्वको समयमा यौनजन्य हिंसामा परेका पीडितहरुको मुद्दालाई सम्बोधन गर्न नसकेकाले अन्तिम पटकका लागि दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८० देखि २०८१/८२) कार्यान्वयनमा ल्याइएको सरोकारवालाको बुझाइ छ ।

प्रस्ताव नं. १३२५ द्वन्द्वको समय र तत्पश्चात्को सङ्क्रमणकालीन अवस्थामा महिला र बालिकामाथि हुने विभिन्न प्रकारका हिंसा, विभेद र जोखिम न्यूनीकरणसँग सम्बन्धित छ । ती विषयलाई सम्बोधन गर्न तथा शान्ति निर्माणको प्रक्रियामा पीडितहरुको सहभागिता प्रवर्द्धनका लागि संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषदबाट ३१ अक्टोबर सन् २००० मा सो प्रस्ताव पारित गरिएको थियो । त्यसैगरी प्रस्ताव नं १८२० पनि द्वन्द्व र तत्पश्चात्को सङ्क्रमणकालीन अवस्थामा लैंङ्गिक तथा यौनजन्य हिंसाका घटनाहरुबाट प्रभावित महिला र बालिकाहरुको सुरक्षा एवं पीडितहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्न संयुक्त राष्ट्रसङ्घ, सुरक्षा परिषद्बाट १९ जुन २००८ मा पारित भएको थियो ।

द्वन्द्व प्रभावित एवं गणेशमान चारनाथ नगरपालिका धनुषाका प्रमुख जीतनारायण यादवले द्वन्द्व प्रभावित परिवार, महिला तथा बालबालिकाको आवश्यकतासँग

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सामाजिक सद्भाव कायम राख्न सबै पक्ष जिम्मेवार बन्न आग्रह

काठमाडौं, १८ असोज (रासस)। प्रतिनिधिसभाका सांसदहरुले धार्मिक र सामाजिक सदभावमा खलल हुन नदिन समाजका सबै पक्ष सजग हुनुपर्नेमा जोड दिनुभएको छ।

प्रतिनिधिसभाको बिहीबारको बैठकको विशेष समयमा उहाँहरुले समाजमा आशान्ति चाहने केही तत्वले सामाजिक सद्भाव भड्काउने प्रयत्न गरिरहेको उल्लेख गर्दै त्यसतर्फ सरकार र सबै सचेत हुनुपर्ने बताउनुभयो।

सांसद मनिष झाले कसैले पनि राजनीतिक लाभका लागि त्यस्तो गर्न नहुनेमा जोड दिँदै सबै जिम्मेवार बनेर आपसी भाइचारा र मेलमिलाप कायम राख्नुपर्ने उल्लेख गर्नुभयो। साथै उहाँले दैनिक सयौंको सङ्ख्यामा नेपाली युवा कामको खोजीमा विदेशिन बाध्य भएको अवस्थाप्रति सरकार गम्भीर हुनुपर्ने बताउनुभयो।

सांसद ज्ञानबहादुर शाहीले सामाजिक सद्भाव कायम राख्नका लागि सरकारसँगै सबै जिम्मेवार बन्नुपर्नेमा जोड दिनुभयो। उहाँले बजारमा उपभोग्य वस्तुमा महङ्गी भएको उल्लेख गर्दै मूल्यवृद्धि रोक्नका लागि सरकारले ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

सांसद प्रदीप यादवले समाजमा अनेक थरी अफवाह फैलाउने काम भएको सन्दर्भमा धार्मिक सद्भाव कायम राख्न सम्पूर्ण राजनीतिक दल एकतावद्ध हुनुपर्नेमा जोड दिनुभयो। सांसद भानुभक्त जोशीले बझाङमा भूकम्पका कारण भएको क्षतिप्रति दुःख व्यक्त गर्दै घाइतेहरुको उपचार र प्रभावितको उद्धारका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद अब्दुल खांनले कमैया मुक्त घोषणा भएको १४ वर्ष भइसक्दा पनि अहिलेसम्म पनि प्रभावकारी व्यवस्थापन हुन नसकेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद रामप्रकाश चौधरीले देशभरका सडकको अवस्था दयनीय भएकाले त्यसको मर्मतका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद प्रेम सुवालले भ्रष्टाचार, सुन तस्करीलगायत अन्य आपराधिक क्रियाकलाप बढ्दै गएको उल्लेख गर्दै सामाजिक सद्भाव कायम गर्न सबैले उत्तिकै भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो।

सांसद चित्रबहादुर केसीले भूकम्पपीडित बझाङका जनताको उद्धार र राहतमा ध्यान दिन सरकारलाई आग्रह गर्दै मुलुकमा युवा पिँढीले दैनिक रुपमा देश छोड्ने कुरालाई संसदमा विशेष छलफल गर्न जरुरी भएको प्रति ध्यानाकर्षण गराउनुभयो।

सांसद प्रभु शाहले निर्धारित राजस्व राज्य कोषमा आउन नसक्दा विकास निर्माणमा असर परेको उल्लेख गर्दै भन्सार ऐन संशोधन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

## भ्रष्टाचार अन्त्य गर्न सांसदको माग

काठमाडौं, १८ असोज (रासस)। राष्ट्रियसभाको बिहीबारको बैठकमा सांसदहरुले भ्रष्टाचार अन्त्यका लागि गर्नुभएको छ। राष्ट्रियसभाको बिहीबारको बैठकको विशेष समयमा सांसद बीना पोखरेलले भ्रष्टाचारदिनप्रतिदिन मौलाउँदै गइरहेको भन्दै सेवाका निम्ति पदभन्दा पनि पैसाका निम्ति पद भन्ने प्रवृत्ति बढ्दै गएको उल्लेख गर्नुभयो।

राजनीतिकरुपमा गरिएका नीतिगत र कानुनी भ्रष्टाचार छायामै परेको अवस्थामा उहाँले वर्तमान सरकारले नीतिगत भ्रष्टाचारलाई समेत बहसमा ल्याएकोप्रति प्रशंसा गर्नुभयो। उहाँले भन्नुभयो, "भ्रष्टाचार कहाँदेखि सुरु भयो ? र कसरी मौलाउँदै गइरहेको छ ? जहाँ व्यक्तिको स्वार्थ र सम्पत्तिले प्राथमिकता पाउने व्यवस्था हुन्छ, त्यहाँ कुनै न कुनै ढङ्गले भ्रष्टाचार भइरहन्छ र भ्रष्टाचारको अन्त्य गर्न सकिँदैन।"

भ्रष्टाचारविरुद्धको अभियान सञ्चालन गरेकामा उहाँले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारलाई धन्यवाद दिनुभयो। उहाँले सबै किसिमका भ्रष्टाचारको अन्त्य गरी सुशासन कायम गर्न वर्तमान सरकारलाई सुझाव पनि दिनुभयो। भ्रष्टाचारीलाई राजनीतिक संरक्षण हुन नहुनेमा उहाँको जोड छ।

"वर्तमान सरकारले चलाएको आर्थिक तथा नीतिगत भ्रष्टाचारविरुद्धको अभियानले भ्रष्टाचारका दुवै पक्षलाई बहसमा ल्याएको छ, सरकारले अगाडि बढाएको यो भ्रष्टाचार अभियानको समर्थन गर्दछु", उहाँले भन्नुभयो।

सांसद कुमार दसौदीले दसैं नजिकिँदै गर्दा कालोबजारी र महँगी मौलाउँदै गएको भन्दै त्यसलाई रोक्नुपर्ने माग गर्नुभयो। उहाँले भन्नुभयो, "दसैं कसरी मान्ने ? जनतासँग एक पैसा छैन, महँगी बढेको छ, जनता महँगीको मारमा छन्, त्यतातिर सरकारको ध्यान गएको छैन।"

वर्तमान सरकार जनताप्रति उत्तरदायी हुनुपर्ने उहाँको भनाइ छ। सरकारले पटक-पटक पेट्रोलियम पदार्थमा मूल्यवृद्धि गरेकामा उहाँले विरोध गर्नुभयो। उहाँले भन्नुभयो, "मङ्गी बढेको अवस्थामा सरकारले जनताका पक्षमा काम गर्नुपर्छ।" दसैंमा सहज यातायातको व्यवस्था गर्नुपर्ने र भूकम्पमा परी मृत्यु भएका र घाइते परिवारलाई राहतको व्यवस्था गर्नुपर्ने उहाँको माग छ।

*द्वन्द्वपीडित भन्छन् ...*

जोडिएको सङ्क्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउन सबै पक्ष जिम्मेवार बन्नुपर्ने भन्दै आफ्नो पालिका दोस्रो कार्ययोजना कार्यान्वयन गर्न प्रतिवद्ध रहेको बताउनुभयो।

त्यसैगरी जनकपुरधाम उपमहानगरपालिका उपप्रमुख किशोरी साह पनि द्वन्द्व पीडित तथा प्रभावित महिला र बालिकाहरूलाई लक्षित गरी आर्थिक, सामाजिक, राजनीतिक लगायत सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्न उपमहानगरले पनि सक्दो सहयोग गर्ने बताउनुहुन्छ। दोस्रो कार्ययोजनामा द्वन्द्व पीडित महिलाहरुको सहभागिता, सुरक्षा र रोकथाम, राहत तथा परिपूरण र क्षमता विकास, स्रोत व्यवस्थापन जस्ता क्रियाकलाप मार्फत समष्टिगत आवश्यकताहरुको सम्बोधनका लागि संयोजन गर्ने उद्देश्यले पालिका तहसम्म विभिन्न समिति रहने परिकल्पना छ। प्रदेशमा शान्ति सुरक्षा हेर्ने गृहमन्त्रीको संयोजकत्वमा प्रदेश निर्देशक समिति, कार्ययोजना कार्यान्वयन गर्ने निकायहरूबीच समन्वय गर्न जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा जिल्ला निर्देशक समिति, पालिका प्रमुखहरुको नेतृत्वमा कार्ययोजना कार्यान्वयन स्थानीय समिति र पालिका उपप्रमुख, उपाध्यक्ष वा कार्यपालिकाका महिला सदस्यको संयोजकत्वमा 'पीडित तथा प्रभावित महिला तथा बालिकाको समष्टिगत आवश्यकता पहिचान' उपसमिति गठन गर्ने व्यवस्था छ। तर अहिलेसम्म कुनै पनि तहले सोअनुसार गर्न सकेका छैनन्।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ विपरित भएको विवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी**


# विश्व समाचार

## युक्रेनी रकेटले ओलेनिभ्का जेलमा हमला गरेको होइन- राष्ट्रसंघ

जेनेभा, १८ असोज (रासस/एएफपी)। गत वर्ष पूर्वी युक्रेनको एक जेलमा भएको घातक बम विष्फोट युक्रेनको एचआईएमएआरएस रकेटबाट नभएको संयुक्त राष्ट्रसङ्घका अनुसन्धानकर्ताले बताएका छन्। उक्त आक्रमणप्रति किएभ र मस्कोले एकअर्कालाई दोषारोपण गर्दै आएका थिए। सन् २०२२ जुलाई २९ मा मस्को नियन्त्रित उत्तरपूर्वी डोनेट्स्क क्षेत्रको ओलेनिभ्का जेलमा भएको बमबारीमा कम्तीमा ५१ युक्रेनी युद्धबन्दीको मृत्यु भएको थियो।

बुधबार प्रकाशित प्रतिवेदनमा युक्रेनमा रहेको राष्ट्रसङ्घीय मानवअधिकार अनुगमन मिसनका अनुसन्धानकर्ताहरूले सटिक परिस्थितिहरू स्थापित गर्न हमलामा को जिम्मेवार थियो भन्नेबारे सूचनाहरूको आवश्यकता थियो भनेर जोड दिँदै विष्फोटको अनुसन्धान जारी राखेको बताएका थिए। यद्यपि उनीहरूले युक्रेनी सशस्त्र फौजको एचआईएमएआरएस रकेटबाट उक्त विष्फोट नभएको स्पष्ट भएको बताएका छन्।

"ब्यारेकका पर्खाल, सिलिङ, छत र झ्यालको क्षतिको अवस्था, भित्रका ओछ्यानहरूको अवस्था, बमले बनाएको खाडलको आकार हेर्दा यो आक्रमणमा एचआईएमएआरएस हतियारको विशेषता देखिँदैन", उनीहरूले भनेका छन्। सन् २०१४ देखि युक्रेनमा रहँदै आएको राष्ट्रसङ्घीय उक्त मिसनलाई सो जेलसम्म पुग्ने अधिकार थिएन तर उसले ५० जनाभन्दा बढी प्रत्यक्षदर्शी र जीवितहरूसँगको अन्तरवार्ताका साथै भिडियो र फाटोग्राफिक फुटेजहरूको विश्लेषणका आधारमा उक्त निष्कर्ष निकालेको हो। "सम्भवतः एउटा एचआईएमएआरएस रकेट ब्यारेक र वरपरका क्षेत्रमा अत्यन्त ठूलो र गम्भीर स्तरको क्षति र विनाशको कारण बन्नसक्छ", प्रत्यक्षदर्शीहरूको 'धेरै विष्फोटको आवाज सुनेको' भनाइ उद्धृत गर्दै प्रतिवेदनमा भनिएको छ।

यसका साथै अनुसन्धानकर्ताहरूले क्षतिग्रस्त ब्यारेकका भिडियो र फोटोग्राफिक फुटेजले पश्चिमतिरको पर्खालको भित्री भागमा एउटा विन्दु र छतबाट प्रवेश गर्ने दुई सम्भावित विन्दुमा असर परेको देखाएको बताएका छन्। "हतियारको सटिक प्रकार र उसको उत्पत्तिस्थल निर्धारण हुन नसकेको समयमा संरचनात्मक क्षति हेर्दा पूर्व-पश्चिम दिशाबाट आक्रमण भएको देखिन्छ", प्रतिवेदनमा भनिएको छ। अनुसन्धानकर्ताहरूले उक्त जेलमा स्वतन्त्र अनुगमनकर्ताहरूको पहुँच प्रदान गर्न आग्रह गरेका छन्।

## युक्रेनलाई करिब ५० युरोपेली नेताको समर्थन

ग्रानाडा, स्पेन, १८ असोज (रासस/एपी)। पश्चिमी प्रतिबद्धता केही कमजोर भएको बेला युक्रेनको पक्षमा उभिन जोड दिन बिहीबार दक्षिणी स्पेनको ग्रानाडामा युरोपेली युनियनका करिब ५० नेताहरू भेला हुँदैछन्। युरोपेली राजनीतिक सामुदायिक मञ्चको बैठकमा युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की पनि बैठकमा सहभागी हुनुहुन्छ। उक्त मञ्च सन् २०२२ फेब्रुअरीमा युक्रेनमाथि रुसले गरेको आक्रमणको परिप्रेक्ष्यमा गठन भएको थियो। उक्त आक्रमणसँगै युरोपको राजनीतिक एजेन्डालाई धेरै हदमा फरकरूपमा स्थापित गऱ्यो र यस महादेशमा शान्ति र स्थायित्वमा लामो समयदेखि कायम विश्वासलाई मूलभूतरूपमा कमजोर बनायो।

राजनीतिक, आर्थिक र सैन्य सहयोगका बावजुद युक्रेनी क्षेत्रमा रुसी आक्रमणबाट मुक्त बनाउने दिशामा गतिरोध कायमै छ। यद्यपि ग्रानाडामा युरोपेली नेताहरू युक्रेनको पक्षमा एकजुट भएको कुरामा जोड दिन इच्छुक छन्। "जब रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबाट हुने खतराको सामना गर्ने कुरा आउँछ, एकतामा शक्ति हुन्छ", बेलायती प्रधानमन्त्री ऋषि सुनकले भन्नुभयो।

बिहीबार जेलेन्स्की ग्रानाडामा आइपुग्दा युरोपेली नेताहरूले यस्तो सन्देश दिनेछन्। यसै वर्षको सुरुमा जेलेन्स्की मल्दोभामा भएको इपीसीको दोस्रो बैठकमा पनि उपस्थित भएका थिए। जेलेन्स्कीले सबै सहयोगीहरूलाई थप सहयोग र सैन्य सहायता उपलब्ध गराउन अगाडि आउन आग्रह गर्ने अपेक्षा गरिएको छ। "जाडो याम नजिकिँदै गर्दा युक्रेनको मुख्य प्राथमिकता भनेको हवाई प्रतिरक्षालाई सुदृढ गर्नु हो, हामीले पहिला नै साझेदारहरूसँग नयाँ सम्झौताहरूको आधार तयार गरिसकेका छौं र अब उनीहरूको अनुमोदन र कार्यान्वयनका लागि तत्पर छौं", जेलेन्स्कीले एक विज्ञप्तिमा भन्नुभयो, "यो युक्रेन र समग्र युरोपका लागि फलदायी दिन हुनुपर्छ।"

## द्वन्द्वले युक्रेनमा १५० अर्ब डलरको क्षति

किएभ, १८ असोज (रासस/सिन्ह्वा)। जारी रुस-युक्रेन द्वन्द्वले यस वर्षको सेप्टेम्बरसम्ममा युक्रेनको पूर्वाधारमा एक सय ५१ अर्ब २० करोड अमेरिकी डलरबराबरको प्रत्यक्ष क्षति पुगेको इन्टरफ्याक्स-युक्रेन समाचार समितिले जनाएको छ। किएभ स्कुल अफ इकोनमिक्सको अध्ययनअनुसार द्वन्द्वले सबैभन्दा बढी आवास क्षेत्र प्रभावित भएको छ। युद्धका कारण करिब एक लाख ६७ हजार दुई सय निजी घर, अपार्टमेन्ट भवन र छात्रावासहरु नष्ट वा क्षतिग्रस्त भएका छन्। त्यसैगरी दुई मुलुकबीच द्वन्द्व सुरु भएयता युक्रेनमा १८ वटा विमानस्थल र सिभिल एयरफिल्डका साथै तीन सय ४४ पुल र ओभरपास क्षतिग्रस्त भएका छन् भने कम्तीमा चार सय २६ ठूला र मध्यम आकारका उद्यमहरू प्रभावित भएका छन्।

# महादेवाको आठौ गाउँ सभा सम्पन्न




**दैनिक समाचारदाता राजविराज, १८ असोज ।**
सप्तरीको महादेवा गाउँपालिकाले विहीवार आठौ गाउँ सभा सम्पन्न गरेको छ ।

पालिकाले स्वच्छ समाजको मुल आधार, शिक्षा, कृषि तथा भौतिक विकाश एवम स्वास्थ्य आहार ब्यवहार भन्ने मुल नाराका साथ गाउँ सभा सम्पन्न गरेको हो ।

पालिका अध्यक्ष सुनिल कुमार मण्डलले आर्थिक वर्ष २०८०/०८१ मा पालिकाको ६ वटै वडामा ८० लाखको दरले वजेट विनियोजन गरेको जानकारी दिए ।

त्यस्तै कार्यक्रम सञ्चालन खर्च विषयगत शाखाको कार्यक्रम, प्रशासनिक, अतिआवश्यक योजना, कर्मचारीहरुको तलव, भत्तालगायत अन्य खर्च वापत ३८ करोड ७२ लाख ७५ हजार ६ सय ८० रुपैयाँ वजेट विनियोजन गरिएको बताए ।

गाउँपालिकामा ९५ प्रतिशत कृषि पेशा अङ्गालेकोले कृषिमा लागेलाई आत्म निर्भर बनाउनको लागी विधुतीकरणमा ध्यान दिएको उल्लेख गरे ।

सो कार्यक्रममा उपाध्यक्ष अर्चना कुमारी यादव, प्रमुख प्रशासकिय अधिकृत केशवकुमार झा, कानुन ब्यवसायी केशव प्रसाद दास, वडाध्यक्ष जयश्वर किशोर दास, जागेश्वर ईसर, लोसपाका युवा नेता सुरेन्द्र यादव, शंकर राउत, हरि नारायण यादवलगायत शुभकामना मन्तब्य दिएका थिए ।

# किसान संगठनको कार्यसमिति चयन



**दैनिक समाचारदाता राजविराज, १८ असोज ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी निकट राष्ट्रिय प्रजातान्त्रिक किसान संगठन सप्तरीको बिहीबार सम्पन्न जिल्ला अधिवेशनले अध्यक्षमा पुनः बुचाई दासलाई चयन गरेको छ । उनी यस अघि पनि संगठनको जिल्ला अध्यक्ष पदको जिम्मेवारीमा थिए ।

नयाँ नेतृत्वको चयन पश्चात् वसेको प्रथम बैठकले किसानको समस्या समाधानका लागी आवश्यक पहल गर्ने निर्णय भएको संगठनले जनाएको छ ।

सर्वसम्मतले चयन १५ सदस्यीय नयाँ कार्य समितीको उपाध्यक्षमा लक्ष्मण यादव, सचिवमा गंगाराम ठाकुर, सहचिवमा मनोज चौधरी तथा कोषाध्यक्षमा अजंली देवी मण्डल छन् ।

यस्तै सदस्यहरुमा शुभाष राय, बुधराम यादव, भोगेन्द्र यादव, राम चन्द्र मण्डल, टुनटुन साह, सकलदेव साह, राम कुमार महतो, छोटेलाल रजक तथा राम देव माझी चयन भएका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष उम्देश्वर साहको अध्यक्षतामा तथा राष्ट्रिय प्रजातान्त्रिक किसान संगठनको केन्द्रिय अध्यक्ष राममणी न्यौपानेको प्रमुख अतिथ्यमा सम्पन्न अधिवेशनमा संठनका केन्द्रीय उपाध्यक्ष जगदिश अधिकारी, श्यामसुन्दर बलामी, केन्द्रिय प्रवक्ता मिलन शम्शेर रोक्का, राप्रपाका जिल्ला सह सचिव सुरेन्द्र कुमार साह "सुरेश" लगायतको पनि उपस्थिती रहेको थियो ।

# सर्वोच्चद्वारा सरकारलाई कारण पेश गर्न आदेश

**दैनिक समाचारदाता राजविराज, १८ असोज ।**
सर्वोच्च अदालतले ज्यान मुद्दामा दोषी ठहर भएका योगराज ढकाल रिगलको कैद मिनाहा गर्नुको कारण पेश गर्न सरकारलाई आदेश दिएको छ ।

बिहीबार न्यायाधीश मनोजकुमार शर्माको इजलासले राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपषिद कार्यालयलगायतका विपक्षीलाई कैद मिनाहा गर्नुको लिखित कारण पेश गर्न आदेश दिएको हो ।

सर्वोच्चले उनको कैद माफी गर्दा भएका सबै निर्णयको सक्कल प्रति झिकाउन पनि आदेश दिएको सर्वोच्च अदालतका प्रवक्ता भद्रकाली पोखरेलले जानकारी दिए ।

त्यस्तै मुद्दाको सुनुवाइको दिन बहसमा महान्यायाधिवक्तालाई नै उपस्थित हुन आदेश दिएको छ । असोज ३ मा संविधान दिवसको अवसरमा मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले योगराज ढकालको कैद मिनाहा गरेका थिए ।

## *जितिया पर्व ...*

पनि खाने र परिवारका सबै सदस्यलाई खुवाउने गर्दछन् ।

त्यसैगरी शुक्रबार बिहान ४ बजे उपवास बसी निराहार एवं निर्जल व्रत बसी शनिबार बिहान साढे १० बजेपछि मात्रै व्रतीले व्रत सम्पन्न गर्ने छन् । यस पर्वमा व्रतालुले विग्ही, रातो जङ्गहा, अङ्कुशी नदी तथा पवित्र पोखरी लक्ष्मी सागर, बरुणसागर, भार्गव सरोवरलगायत पवित्र सरोवर र नदीमा स्नान गरेर जितमाहनको कथा सुन्ने गर्दछन् । यस्तोमा पाकाले भन्ने र तन्नेरीले सुन्ने चलन छ ।

व्रत बस्नु अघिल्लो दिनमै व्रतालुले विभिन्न जलाशयमा स्नान गरी घिरौलाको पातमा पिना, सख्खर र तोरीको तेल सहितका पदार्थ चढाउनुपर्छ । देवतालाई चढाएकै तेलमध्येबाट आ-आफ्ना शाखा सन्तानलाई पनि लगाउन दिनुपर्छ ।

व्रतको पहिलो दिन बिहीबार पूजापछि कोदोको रोटी, नुनीको साग र माछा खाने चलन छ । यसलाई स्थानीय भाषामा 'माछ मरुवा (कोदो)' भनिन्छ । प्रत्येक महिलाले अनिवार्यरुपमा बिहीबार कोदो र माछा खाने गर्छन् भने प्रत्येक घरमा यस दिन कोदोको रोटी र माछा पाक्छ ।

त्यसैगरी धार्मिक विधिपूर्वक शुक्रबार बिहानै काग कराउनुभन्दा पहिल्यै व्रती महिला ओंगठन सम्पन्न गर्नुपर्छ अर्थात् केही खानेकुरा ओठमा लगाउनुपर्छ । प्रायःजसो महिलाले ओंगठनमा च्यूरा दही खाने गरेको पाइन्छ । त्यसपछि उपवासको क्रम सुरु हुन्छ ।

सन्तानको दीर्घ जीवन, पुत्र प्राप्ति तथा पारिवारिक सुख शान्तिका लागि मनाइने जितिया पर्वको धार्मिक सांस्कृतिक तथा तान्त्रिक महत्व रहेको छ । पितृ पक्षमा मनाइने पर्वमा महिलाले आफैंले दिवङ्गत पितृलाई पिण्ड चढाउँछन् । यस क्षेत्रमा मनाइने व्रतमध्ये जितिया व्रतलाई पवित्र व्रतको रुपमा मानिन्छ । उपवास बसेका दिन महिलाले डकार गरे अथवा मुखले खकार वा जिब्रो टोके भने व्रत असफल भएको मानिन्छ । त्यसैले होला यस पर्वलाई खड् जितिया पनि भनिन्छ । फेरी एक पटक असफल भएकी व्रती आजीवन व्रत बस्न पाउँदिन ।

राजा शालिवहानको राज्यमा एउटी महिलाका सात जना छोरालाई दैत्यले उठाएर लगेपछि राजाले सातजनै छोरालाई दैत्यबाट फिर्ता ल्याइदिएका कारण महिलाले त्यस दिन देखि शालिवहानलाई 'जितुमाहन' नामकरण गरी राजाको सम्झनामा उपवास बस्न थालेकाले यो व्रत सुरु भएको पौराणिक कथन छ । जीवनमा एक पटक टुटेपछि पुनः गर्न नपाइएने हुँदा हत्तपत महिलाले यो पर्व अँगाल्दैनन । तर मिथिला क्षेत्रमा पुत्र हुने प्रत्येक महिलाले जीवनमा यो पर्व अपनाउनै पर्ने चलन छ ।

# धर्नामा बसेका वडाअध्यक्ष र नगर प्रमुख पक्षबीच झडप, स्थिती नियन्त्रणमा लिन दर्जनौं सेल आश्रुग्यास प्रहार



**दैनिक समाचारदाता सिरहा, १८ असोज ।**
सिरहाको कल्याणपुर नगररपालिका प्रमुखले गत आर्थिक वर्षको आयव्यय सार्वजनिक नगरेको भन्दै चार दिनदेखी धर्नामा बसेका ६ वटा वडाध्यक्ष र नगर प्रमुख पक्षबीच बिहीबार झडप भएको छ ।

धर्नामा बसेका वडाध्यक्षहरु र नगर प्रमुख रामपुकार साह पक्षबीचको विवादले उग्ररुप लिएपछि अवस्था तनावग्रस्त बनेको छ । धर्नाका कारण कार्यालय ठप्प भएपछि कामकाज समेत प्रभावित छन् ।

दुवै पक्षबाट ढुंगामुढा हुन थालेपछि स्थिति तनाबग्रस्त बनेपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले हवाई फायर गर्नुका साथै कैयौं सेल आश्रुग्यास प्रहार गरेका छन् । तर बिहीबार साँझसम्म पनि स्थिति नियन्त्रणमा आउन सकेको छैन ।

सिरहाका प्रहरी प्रवक्ता डिएसपी रविन्द्र राज पाण्डेले झडपको स्थिति नियन्त्रणमा लिन नेपाल प्रहरीले १२ सेल र सशस्त्र प्रहरीले १५ सेल आश्रुग्यास प्रहार गरेको बताए । उनले हाम्रो नेपाल प्रहरीले थ्रिनटथ्रि राइफलबाट ५ राउण्ड हवाई फायर समेत गरेको बताए ।

डिएसपी पाण्डेका अनुसार ढुंगा हानाहानबाट ४ जना नेपाल प्रहरी र दुई जना सशस्त्र प्रहरीगरि झडपमा ६ सुरक्षाकर्मीसहित दर्जनौं व्यक्ति घाइते भएका छन् । यता स्थानीयका अनुसार नगर प्रमुख र वडाध्यक्षहरु दुबै पक्षका दर्जनौं व्यक्ति घाइते भएका छन् ।

झडकका क्रममा नगरपालिकाको कार्यालयमा ढुंगामुढा गरिएको छ । कार्यालयको झ्यालको सिसाहरु ढुंगामुढाबाट फुटेको डिएसपी पाण्डेले बताए ।

कल्याणपुर नगरपालिकामा १२ वटा वडाध्यक्ष छन् । जसमध्ये नेपाली कांग्रेस, नेकपा एस र जसपाका ६ वटा वडाध्यक्ष विगत ४ दिनदेखि आन्दोलनमा छन् । उनीहरुले गत आर्थिक वर्षको आयव्यय सार्वजनिक नगरेसम्म आन्दोलन जारी राख्ने बताएका छन् ।

हेलो सरकारमा गुनासो गरौं, समस्याको समाधान खोजौं।

सार्वजनिक स्थल वा निकायमा:

➤कुनै भेदभाव भएमा,
➤सेवा प्राप्तिमा वञ्चित वा अवरोध भएमा,
➤सार्वजनिक कार्यबाट नोक्सानी वा कुनै पीरमर्का भएमा हेल्लो सरकारमा सम्पर्क गरौं।

हेलो सरकारको निशुल्क टेलिफोन नम्बर ११११ तथा सामाजिक सञ्जालमार्फत गुनासो गरी समस्याको समाधान खोजौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*